# दशौं गाउँसभाको बैठकमा

# अध्यक्ष श्री रुपतम अंसारीज्यू द्वारा प्रस्तुत

# आ.व. २०७९।२०८० को

# फेटा गाउँपालिकाको नीति, कार्यक्रम तथा वजेट

फेटा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
फेटा, बारा
मधेश, प्रदेश नेपाल
२०७९।०३।१०

गाउँपालिका अध्यक्षज्यू, गाउँपालिका उपाध्यक्षज्यू, कार्यपालिका तथा गाउँसभा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा अधिकृत कर्मचारीहरु, विभिन्न निकायबाट आउनु भएका प्रतिनिधिहरु, सञ्चारकर्मी तथा कर्मचारी लगाएत उपस्थित सम्पूर्ण महानुभावहरु,

यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।२०८० को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउदा म अति नै गौरवान्वित भएको छु। स्थानीय सरकार, नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षको फलस्वरुप उपलब्धी हो। बलिदानीपुर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहका अधिकारहरुलाई अभ्यास गर्ने अभियान अघि बढिरहेको यस अवसरमा लोकतन्त्र प्राप्तीको लामो संघर्ष एंव आन्दोलनको क्रममा आफनो अमुल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञातअज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न आन्दोलनमा घाईते, बेपता पारिएका नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु।

फेटा गाउँपालिका लोकतन्त्रको आधारभुत मुल्यमन्यता, बहुलवादी खुल्ला समाज, मानव अधिकार, समाजिक न्याय, सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासनप्रति पूर्णप्रतिवद्ध छ। लोकतन्त्रलाई समाजिक जीवन पद्धितिको रुपमा स्थापित गर्ने कुरामा गाउँपालिका हरपल प्रयत्नशील हुने छ। शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै गाउँपालिका बासीले गर्न सकुन् भन्नेमा हामी कटिबद्ध र सचेत छौं।

गाउँपालिकाको भौगोलिक, समाजिक, आर्थिक तथा सास्कृतिक बिविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढन् गाउँपालिका दृढ छ। हामीहरु योजनाबद्ध र प्राथमिक्ताको आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ र अगाडी बढनुपर्छ भन्नेमा प्रतिबद्ध छौ। मालिक होईन सेवक हौ भन्ने धारणाबाट आधारित जनउत्तरदायी, पार्दशी, मेहनती र सहयोगी सन्यत्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफनो मार्गदर्शनका रुपमा ग्रहन गरेका छौ।

सभाअध्यक्षज्यू, आर्थिक वर्ष २०७९।२०८० को नीति तथा कार्यक्रमको लक्ष्य "नमुना फेटा गाउँपालिका निर्माण" रहेको छ। अब म चालू आर्थिक वर्षमा सम्पादन भएका केही महत्वपूर्ण योजना तथा क्रियाकलाहरुलाई बुँदागत रुपमा पेश गर्न चाहान्छु।

रुस्तम अंसारी
अध्यक्ष

## आ.व. २०७८।२०७९ का केही प्रमुख उपलब्धीहरु

- आ.व. २०७८।२०७९ का लागि कुल बजेट रु ४३ करोड ९५ लाख विनियोजन गरिएको थियो। जस मध्ये पुँजिगत तर्फ करिब ४० प्रतिशत र चालू तर्फ करिब ६० प्रतिशत रहेको छ।
- हाल सम्म आर्थिक वर्षको अन्तय सम्मा करिब चालूको ८० प्रतिशत तथा पुँजिगतको ८५ प्रतिशत सम्म प्रगति हुने अनुमान गरिएको छ ।
- हामीले प्रस्तुत आ.व. मा ठूला आयोजनाहरु मध्ये गाउँपालिकाको प्रशासनिक भवनको एक तल्लाको कार्यसपन्न भई सम्पूर्ण कार्य आफनै भवनमा सुचारु भईसकेको छ। ।यस्तै वडा कार्यालयहरुको हकमा दुई वटा वडाहरु बाहेक अरु सबै वडा कार्यालयहरुको भवन तयारी भई संचालनमा आईसकेको जानकारी गराउन चाहान्छौ।
- शिक्षा तथा विद्यालय पुर्वाधार तर्फ गाउपालिका भित्रका मा.वि. स्तरका विद्यालयहरु तथा नि.मा.वि. स्तरका विद्यालयहको भौतिक संरचना निर्माणमा उल्लेखनीय कार्य भएको जानकारी गराउन चाहान्छौ।यस भौतिक संरचनामा फेटा मा.वि. को भवन, त्रिवेणी विधालयको भवन, पुरैनीय विधालयको भवन, गम्हरीया मा.वि. भवन, चिलझपटी प्रा.वि. को कम्पाण्डवाल लगाएका उल्लेखनीय कार्य भएको छ।
- सडक बाटो विकास तथा विस्तार सम्बन्धमा चालु आर्थिक वर्षको अन्तयसम्मा उल्लेखनीय प्रगति भएको जानकारी गराउन चाहान्छौ।
- समाजिक विकास तर्फ मेडपा कार्यक्रम अन्तर्गत नँया उधोगीहरु सिर्जना तथा पुरानोलाई रिफ्रेसमेन्ट जस्ता विभिन्न कार्यक्रमहरु संचालन गरि रोजगार तथा स्वरोजगारी सिर्जनामा उल्लेखिनीय भुमिका निर्वाह गर्नुको साथै विभिन्न सचेतनामुलक कार्यक्रम संचालन भएको छ। ।
- कृषि तथा पशु तर्फ कृपकहरुलाई प्राङ्गारिक मल वितरण, विउविजन, धान पाकेट कार्यक्रम संचालन, कृषि चुन, माछा पाकेट कार्यक्रम संचालन, कृषि औजार तथा कृषि उपकरणहरु लगाएत विभिन्न समाग्रीहरु समयमा उपलब्ध भएका छन।
- जनसंख्या मन्त्रालय (मा.उपप्रधान, स्वास्थ्य तथा जनसंख्या मन्त्रि स्तर) को मिति २०७५/११/०८ को निर्णयानुसार यस गाउँपालिका अन्तर्गत रहेको फेटामा १५ शैया अस्पतालको, लागत इष्टमेट रु. २२.५ करोड रहेकोमा विघुतिय बोलपत्र सुचना आहावान गर्दा जे/भि/भुपेन्द्र महाबिर कन्सट्रक्सन कम्पनीले १५ कोडमा मात्र कबोल गरी कार्य प्रगतिमा रहेको छ। हालसम्म पल्पिन्थ लेभल काम सम्पन्न हुने अवस्थामा पुगी सकेको छन।
- स्वास्थय क्षेत्र तर्फ स्वास्थय चौकीहरुलाई पुर्णरुपमा संचालनमा ल्याउनका लागि भौतिक पुर्वाधार निर्माण तर्फ बतरा स्वास्थय चौकीको दोस्रो तल्लाको फिनिसिङ्ग भईरहेको, त्रिवेणी स्वास्थय चौकीको क्मपाण्ड वाल तथा मर्मत भईरहेको, जोतपुर स्वास्थय चौकीको अधुरो कार्य पुरा गर्न निर्माण कार्य भईरहेको, गम्हरीया स्वास्थय चौकीको निर्माण कार्य प्रगतीमा रहेको र पुरैनीय आधारभुत स्वास्थय सेवा केन्द्रको निमार्ण कार्य समेत भईरहेको सभा समक्ष जानकारी गराउन चाहान्छौ।

## आ.ब.२०७९/०८० को नीति, कार्यक्रम तथा बजेट सम्वन्धिः

१. शिक्षा नीति बजेट तथा कार्यक्रम

- विद्यालयहरुलाइ प्रविधिमैत्रि बनाउने र वैकल्पिक सिकाइ सहजिकरणका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार विकास गरिने छ।
- शिक्षकहरुलाइ कम्प्युटरको व्यवस्था गर्ने र कम्प्युटर सिप विकास तालिम सञ्चालन गर्ने,
- वैकल्पिक विधिबाट हुने सिकाइ सहजिकरणका लागी अभिभावक र विद्यार्थिलाइ तयार पार्न विभिन्न जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।
- वैकल्पिक माध्यम बाट सिकाइलाइ निरन्तरता दिन आवश्यक पर्ने सन्दर्भसामाग्री तथा स्वअध्ययन - छपाइ र वितरण गर,विकास र विस्तार ,सामाग्रीहरुको निर्माणजस्ता शिक्षा प्रणालीको थालनी गरिने छ ।
- शिक्षक विद्यार्थि अनुपातको सामञ्जस्यता गर्न गाउँपालिकाको अनुदानबाट थप शिक्षकको व्यवस्था गरिनेछ। कम्तिमा प्रत्येक वडामा एउटा विद्यालयमा एक जना थप शिक्षकको व्यवस्था गरिने छ।
- प्र.अ हरुको क्षमता अभिवृद्वि गर्न देशका विभिन्न नमुना विद्यालयहरुको शैक्षिक अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।
- शिक्षकहरुको पेसागत विकासको लागि शिक्षक डायरी शिक्षक प्रोत्साहन तथा शिक्षक भेला जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ।
- बिद्यार्थिको सर्वाङगिण विकासको लागि अतिरिक्त क्रियाकलाप, रचनात्मक कला, प्रदर्शनि शैक्षिक भ्रमण जस्ता कार्यक्रमहरु सञ्चालन गरिने छ।
- गाउँपालिकामा शैक्षिक तथ्यांक व्यवस्थापन गर्न डिजिटल शैक्षिक प्रोफाइल र दिर्घकालिन योजना सहितको १० बर्षे शैक्षिक योजना निर्माण गरिनेछ,

३. न्यायिक समितिको काम कार्यवाही सम्वन्धमाः

- न्यायिक समितीको काम कार्यवाहीलाई अझ चुस्त दुरुस्त पार्न तथा न्यायिक समितीका सदस्यहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न किसिमका कार्यक्रमहरु गर्ने र न्यायिक समितीलाई आवश्यक पर्ने श्रोत साधनहरु उपलब्धगराइनेछ।
- न्यायिक समितिले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा गाउँबासीलाई जानकारी तथा यसको कार्यक्षेत्रको विषयसम्बन्धि विभिन्न तालिमहरु संचालन गरी यसको संस्थागत विकास तथा विस्तार गरिनेछ।।
- न्यायिक समितिलाई पुर्णता प्रदान गरी न्यायिक कार्यलाई चुस्त, दुरुस्त, स्वच्छ र पार्दशी बनाईने छ।

४. योजना तथा कार्यक्रमहरु सम्वन्धिः

- गाउँपालिका अन्तर्गत अधुरो रहेका भौतिक पुर्वाधारका निर्माण कार्यहरु पुरा गर्न प्राथमिक्ता दिइने छ।

- गाउँपालिका अनर्तगत जनताको दैनिक जिवनसंग प्रत्यक्ष सम्बन्ध राख्ने सडक निर्माण, नाला निर्माण, सार्वजनिक भवन निर्माण, खानेपानीको धारा जडान, फोहरमैला व्यवस्थापन जस्ता भौतिक पुर्वाधारका कार्यहरुलाई प्राथमिकताका साथ संचालन गरिने छ।
- यस गाउँपालिकामा रहेको ने.रा.मा.वि.फेटामा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभागबाट प्राविधिक धार तर्फ कम्प्युटर सब इन्जिनियर कोर्ष स्वीकृत भएकोमा सो कार्यक्रम सञ्चालन तथा कार्यान्वयनमा निरन्तरताका लागि गाउँपालिकाबाट आवश्यक कार्यहरु गर्ने तथा अंचित मा.वि.बतरा तथा ने.रा.मा.वि.गम्हरीयामा पनि अन्य प्राविधिक कोर्षहरु (सिभिल ओभरसियर, भेटेनरी जे.टी.ए., प्लान्ट जे.टि.ए.) सञ्चालनका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभाग तथा गाउँपालिकाको संयसक्तप्रयासमा कोर्षहरु सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइने छ।
- नेपाल सरकारको खेलकुद विकाससँग सम्वन्धित निति, तथा कार्यक्रममा स्थानीय तहमा दिर्घकालिन महत्वका खेलग्रामको निर्माण, विकास र विस्तार गर्ने कार्यलाई तिव्रता दिने भनि उल्लेख भए बमोजिम खेलकुद पुर्वाधार निर्माणका लागि एक स्थानिय तह एक खेलग्रामका रुपमा विकास गर्न खेलमैदान निर्माण गर्ने निति अनुसार यस गाउँपालिकाको वडा नं.१ भलुहीमा रहेको खेलमैदानमा स्टेडियम निर्माणका लागि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयमा प्रस्तावना पेश गरी स्टेडियम निर्माणका लागि अनुरोध गरिनेछ ।

५. कोरोना (COVID-19) नियन्त्रण, व्यवस्थापन तथा रोकथाम सम्वन्धमा:

- कोरोना भाईरस (COVID-19) लाई व्यवस्थापन तथा यसको असरलाई कम गर्नका लागि गाउँपालिका आवश्यक श्रोत साधन परिचालन गरी गाउँपालिका वासीको सुस्वास्थ्यको प्रत्याभुति दिलाउन र कोरोना (COVID-19) विरुद्धको लडाइमा जनतासँग सहकार्य गरिअघि बढने छ ।
- कोराना (COVID-19) को व्यवस्थापनको लागि covid response team गठन गरि परिचालन तथा आवश्यक स्रोत साधनको व्यवस्था गरी यसको खोप प्रत्येक व्यक्तिलाई दिने व्यवस्था मिलाउने छु।

६. समाजिक विकास सम्वनधी

- यस गाउँपालिकाका बेरोजगार यूवाहरुलाई रोजगार तथा स्वरोजगार बनाउनका लागि आवश्यक सिपमुलक कार्यक्रम संचालन गरिने व्यवस्था मिलाईने छ।
- आय आर्जनमा सघाउ पुर्याउने खालका जनताको जीवनसंग प्रत्यक्ष सम्बन्ध राख्ने उत्कृष्ट रोजगार मुलक कार्यक्रमहरुको छनौट तथा संचालन गरी जीवनस्तर उकास्ने व्यवस्था मिलाईनेछ।
- तालिम प्राप्त दक्ष, अर्धदक्ष जनशक्तिहरुलाई व्यवसाय, व्यापार संचालनका लागि वित्तिय संघ सस्थाहरुसंग आवश्यक समन्वय गरी कर्जा प्रवाह कार्यलाई छिटो छरितो तथा सर्वसुलभ बनाईनेछ।
- विभिन्न सिपमुलक कार्यक्रमको माध्यमबाट उल्लेखनीय रोजगारी सिर्जना गर्ने लक्षय लिएको छु।

CamScanner

७. संस्थागत विकास तथा सुशासन सम्वन्धमा:

- गाउँपालिकामा आर्थिक तथा प्रशासनिक कार्यमा पार्दशिता कायम गरी भ्रष्टाचारमा सुन्य सहनशिलता अपनाउने नीति लइएको छ ।
- गाउँपालिका तथा अन्तर्गतका प्रशासनिक भवनहरुमा प्रविध मैत्रि कार्य सम्पादन गर्न सोही अनुसारको समानहरु जडान गरिने छ ।
- नेपाल सरकार (मन्त्रिस्तर) बाट मिति २०७४।०६।१३ गतेमा स्वीकृत भएको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत निर्माण मापदण्ड, २०७२ बमोजिमको मापदण्ड मिति २०७८ श्रावण देखि अनिवार्य रुपमा लागु गरिनेछ।यसका लागि आवश्यक पर्ने स्रोत साधनहरुको व्यवस्था मिलाई बस्ती विकास कार्यलाई आधुनिक तथा वैज्ञानिक बनाईनेछ।

८. मानव श्रोत तथा संसाधन सम्वन्धमा:

- यस गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनमा मनोवल उच्च राख्रका लागि आवश्यक तालिमहरु प्रदान गरिने तथा उचित व्यक्ति उचित स्थानमा"कार्य गर्न गराउन व्यवस्था मिलाइने छ ।
- जोखिममा काम गर्ने कर्मचारीहरुलाई नियमानुसार जोखिम भत्ता उपलब्ध गराईने छ ।
- एक भन्दा वढि शाखा, उपशाखाको कार्य सम्पादन गर्ने र अतिरिक्त समयमा पनि गाउँपालिकाको कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई नियमानुसार प्रोत्साहन भत्ता उपलब्ध गराइने छ।
- कोरोना माहामारीको वर्तमान अवस्था सामान्य भएमा आन्तरीक प्रर्यटन प्रर्वधन गर्न नेपाल भित्रका विभिन्न प्रर्यटकिय तथा धार्मिक स्थलहरु भ्रमणका लागि यस गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई आन्तिरिक पर्यटन'प्रवद्धन नीति अनुसार आवश्यक व्यवस्था मिलाईने छ ।
- यस गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीलाई कार्यालयको कामको सिलसिलामा हुने दुर्घटा विमाको व्यवस्था मिलाईनेछ।
- कर्मचारीहरुलाई आफनो काम प्रति मनोबल तथा उत्प्रेरण बढानउन बढी काम गर्ने कर्मचारीलाई आवश्यक पुरस्कारको व्यवस्था मिलाईने छ।

९. कृषि सम्वन्धी नीति/लक्षय/उदेश्य

- मुख्य खाद्यान्नबाली, तरकारी, फलफुल, फुल, माछा, दुध, मासु, अण्डा लगाएतका कृषिजन्य बालीहरुको पकेट क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गरिनेछ।
- आधुनिक तथा नविनतम कृषि औजार, उपकरण, मेसिनरीको प्रयोगलाई प्राथमिकता दिईने छ र आय आर्जनका निमित उपलब्ध जनशक्तिलाई आकर्षण गरिनेछ।
- उत्पादित कृषिबस्तुको सहज प्रवाहको लागि कृषि सडकको स्तरोन्नती गरिनेछ र त्यस्ता सडकको छेउछाउ बस्ती बस्न निरुत्साहित गरिनेछ।
- भुगोल सुहाउदो उपयूक्त कृषि प्रविधिको अनुसन्धान तथा विकास गरी प्रचारप्रसार गरिनेछ र त्यसका लागि संघीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

मस्ताम अंसारी
अध्यक्ष

CamScanner

- सिँचाईलाई कृषि उत्पादन तथा उत्पादकत्वसंग जोडनका लागि विशेष कृषि बाली पकेट क्षेत्रमा प्रथमिक्ता दिईनेछ।
- कृषि कार्यक्रमहरुलाई प्रभावकारी ढंगले अगाडी बढाउनका लागि कृक्षि समूह तथा कृषि सहकारीलाई प्रोत्साहन गरिनेछ। कृषि योजना तर्जुमा, कार्यन्वयन तथा अनुगमन मुल्याङ्कनमा समेत उनीहरुको क्षमता विकास तथा जिम्मेवारी तोकिनेछ।
- सबै वडामा कृषि उधमी, कृषक समूह, कृषक सहकारी तथा अन्य सरोकारबाला संग्लन गरी कम्तिमा एक वडा स्तरीय कृषि संजाल गठन गरिनेछ। वडा स्तरीय कृषि संजालहरुलाई एकीकृत गरी प्रत्येक वडाबाट संग्लन हुने गरी गाउँपालिका स्तरीय कृषि संजाल गठन गरिनेछ। गठित कृषि संजालकै अगुवाईमा कृषक तथ्याङ्क संकलन, कृषि कार्यक्रमको योजना तर्जुमा, कार्यक्रमको कार्यन्वयन, कृषि पुर्वाधारहरुको स्थपना, संचालन रेखदेख तथा संरक्षण र समबर्द्धन गरिनेछ।
- गाउँपालिकाको क्षेत्रभित्र संचालनमा रहेको कृषि क्षेत्र हेर्ने विभिन्न गैर सरकारी संस्थाहरुलाई नियमन गरीनेछ।
- कृषकलाई कृषि कर्जा, कृषि विमाका लागि गाउँपालिकाले आवश्यक सहजिकरण गर्नेछ।
- कृषकलाई समयानुकुल ज्ञान, सिप तथा क्षमता विकासको लागि निशुल्क तालिमको व्यवस्था मिलाईनेछ।

१०. पेश्कि फर्छ्यौट, बेरुजु दाखिला तथा असुल उपर सम्वन्धमा:

- यस गाउँपालिका स्थापना बखत गाभिएका सा.गा.वि.स.हरु भलुही भरवलिया, फेटा, बतरा, रघुनाथपुर (८-९), पुरैनियाको लेखापरिक्षण प्रतिवेदन, श्रेष्ता, बैंक नगदी किताब, खाता, पेश्कि विवरणहरु भिडान गरी असुल उपर गर्नु पर्ने बेरुजुहरु असुल उपर र पेश्कि फर्छ्यौट गर्न ताकेता गर्ने यसरी ताकेता गर्दा समेत अटेरी गरेमा सम्वन्धितको तिनपुस्ते विवरण सार्वजनिक गरी कार्यवाहीको लागि सम्वन्धित निकायमा पहल गरिने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका स्थापना पश्चात आ.ब.२०७३/०७४, २०७४/०७५, २०७५/०७६, २०७६/०७७ तथा २०७७/०७८ मा आ.ले.प.तथा म.ले.प.वाट गाउँपालिका उपर देखाइएका शसर्त बजेट, कर तथा धरौटी तर्फको बेरुजु रकम यथासिघ्र दाखिला गरी सम्परिक्षण गराउने र नियमित गर्नु पर्ने र सैद्धान्ति बेरुजुहरुलाई पनि नियमित गरिने छ ।
- गत विगत आ.ब.हरुको लेखापरिक्षण प्रतिवेदनमा देखाइएका र निर्देशित गरिएका बुँदाहरु विस्तृत अध्ययन गरी सो सँग सम्वन्धित कार्य अब उप्रान्त हुन नदिन आर्थिक प्रशासन सञ्चालन गर्दा प्रचलित ऐन, कानुन, लेखापरिक्षणका नजिरको परिधिमा रहि आवश्यक सजगता लिइ सञ्चलान गर्न र आर्थिक तथा सैद्धान्तिक बेरुजुहरु न्यूनिकरणका लागि कार्य गर्न प्रमुख प्रशासकिय अधिकृत लगाएत शाखा प्रमुखहरुलाई आवश्यक नीती बनाई निर्देशन दिईने छ ।

११. <u>आन्तरीक आय सम्वन्धमा:</u>

- यस गाउँपालिकाको अधिकांश आर्थिक गतिविधि संघिय र प्रादेशिक सरकारको अनुदानवाट सञ्चालन हुने गरेकोमा राजस्व परामर्श समितिबाट निर्धारण गरिएका करका दरहरु अनिवार्य रुपमा पालना गर्न गराइ गाउँपालिकाको आन्तरीक आय बृद्धि गर्न आवश्यक प्रयासहरुका साथै थप कदम चालिने छ ।

CamScanner

- यसगाउँपालिका भित्र अवस्थित र सञ्चालित चिमनी भट्टा, चिरान, क्रसर, साना तथा मझौलाउ द्योगहरुवाट निस्कने फोहोर र धुवाँधुलोका कारण गाउपालिकाको प्रर्यावरणमा प्रतिकुल असर गरिरहेकाले उक्त उद्योगहरुले गाउँपालिकामा कर समेत नतिरेकोले उक्त उद्योगहरुलाई राजस्व परामर्श समितीवाट निर्धारण गरिएको करको दायराम ल्याइ कर तिर्न लगाउने र उक्त उद्योगहरुले सम्पूर्ण कर भुक्तान गरेमा सो वापत लाग्ने दण्ड जरिवाना मिनाहा गरिने व्यवस्था मिलाईने छ ।
- यस गाउँपालिका अन्तर्गत रहेका माछा पोखरीहरुको टेन्डर सकार गर्ने र किस्ता बापतको रकम नबुझाउने प्रवृति सा.गा.वि.स.हुँदा वखत देखि नै रहेकोमा यस गाउँपालिका अन्तर्गत रहेका माछा पोखरीहरुको टेन्डरको लगत संकलन गरी हाल सम्म किस्ता रकम भुक्तानी नगरेका ठेकेदारहरुबाट रकम असुल गर्न आवश्यक कानूनी प्रक्रिया अगाडी बढाईने छ।
- यस गाउँपालिका अन्तर्गत सञ्चालित बैंक तथा वितिय संस्था, सहकारी, विभिन्न समुह, व्यवासायीहरुलाई करको दायरमा ल्याइ राजस्व परामर्श समितिवाट सिफारिस गरिएको व्यवसाय करलाई लागू गर्न आवश्यक नीति बनाई कर संकलन कार्यलाई प्रभावकारीताका साथ कार्यन्वयन गरिने छ।
- यस गाउँपालिकावाट निर्माण गरिएका कच्चि तथा पक्कि सडकहरुको भार वाहन क्षमता भन्दा वढी भार बोक्ने सवारी साधन लगाएत करको दायरा भन्दा बाहिर रहेकालाई करको दायरभित्र ल्याई राजश्य संकलनमा बृद्धि गरिनेछ।
- गाउँपालिकाको आन्तरिक आय प्रणालीलाई मजबुत बनाउने तथा राजश्व संकलन सम्बन्धी online soft ware जडान र राजश्व प्रशासनमा तालिम प्राप्त दक्ष जनशक्तीको व्यवस्थापन गरिनेछ।

१२. आ.व. २०७८।२०७९ को क्षेत्रगत् रुपमा अनुमानित व्यय तर्फ

अगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न कुल विनियोजन अनुमान रु. ३५ करोडको ९२ लाख ५८ हजार विनियोजन अनुमान गरेको छु। कुल विनियोजन मध्ये चालू तर्फ रु. रु. ९ करोड ८० लाख ५८ हजार, पुजींगत तर्फ रु. १० करोड ५३ लाख विनियोजन गरेको छु भने शर्सत अनुदान तर्फ १५ करोड ५९ लाख विनियोजन रहेको छ।

१३. <u>नीति, कार्यक्रम तथा बजेटका प्रमुख विशेषताहरु तथा मुख्य मुख्य क्रियाकलापहरु।</u>

- फेटा गाउँपालिकाको पहिलो तल्ला फिनिसिङ्ग र गाउँपालिका भवन निर्माण गरी पूर्ण रुपमा संचालनमा ल्याई सेवा प्रवाहमा शिघ्रता कायम गर्नका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु।भने नहरदेखि गाउँपालिकाको प्रशासकीय भवन जाने बाटो चौडा गरी ढलान गर्नका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु।
- वडास्तरीय योजना संचालनका लागि सातै वटा वडाहरुका लागि रु. ५ करोड १० लाई बजेट विनियोजन गरेको छु।जसमा वडास्तरीय पक्की सडक निर्माण, नाला निर्माण, वडाका पोलहरुमा सडक बत्ती जडान र वडा संचालन तथा वडास्तरीय बैठक संचालनमा खर्च गरिनेछ।
- गाउँपालिका अन्तर्गत कृष भूमिमा सिंचाई उपलब्ध गराउनका लागि संघीय सरकारबाट रु. १ करोड समपूरक अनुदानमा बजेट प्राप्त भएकोमा यस गाउँपालिकाबाट रु. १ करोड समेत थप गरी रु. २ करोड रकम बराबरको कृषि बिधुतिकरणका आवश्यक पूर्वाधार निर्माण कार्यक्रम संचालन गरिनेछ।

- गाउँपालिका भित्रमा विद्यालयहरु, स्वास्थय संस्थाहरु, वडा कार्यालयहरु पुग्न पक्की बाटो निर्माणमा प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ।
- श्री ने.रा.मा.वि. फेटालाई नमुना विद्यालयमा रुपान्तरण गर्नका लागि आवश्यक पर्ने सँबै पूर्वाधारको व्यवस्था मिलाईने छ।
- कृषिमा आधारित रोजगारी सिर्जना गर्नका लागि यस गाउँपालिका भरीमा बढीमा १०० जना अति विपन्न गरि किसानहरुलाई पहिचान गरी भैसि/गाई खरिदका लागि बैकबाट ऋण उपलब्ध गराउनमा आवश्यक सहजिकरण र उक्त ऋण रकमको १ सालको ब्याज र विमा गाउँपालिकाबाट सहयोग गरिने व्यवस्था मिलाईने छ। यसको लागि रु. २० लाख रकम विनियोजन गरेको छु। दुध बिक्री गर्नका लागि आवश्यक प्रबन्ध समेत मिलाईने छ।
- स्वास्थय संस्थाहरुलाई पूर्ण क्षमतामा संचालन गर्न तथा न्यनतम आधारभुत स्वास्थय सेवा प्रवाह गर्नका लागि, स्वास्थय संस्था व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउनका लागि आवश्यक तालिमको व्यवस्था गरेको छु। स्वास्थय संस्थाहरुलाई जनताको आधारभुत स्वास्थय सेवाको प्रत्याभुति गर्नमा स्रोत साधनको कमि हुन नदिनका लागि उल्लेखि बजेट विनियोजन गरेको छु।
- गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई देशभित्रको ठाउँहरुमा आन्तरिक पर्यटन प्रबर्द्धन तथा घुमफिर गर्नका लागि दश दिन बराबरको दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ। यसको लागि रु. ९ लाख बजेट विनियोजन गरेको छु।
- जनताको मौलिक हकको रुपमा स्थापित आधारभुत स्वास्थय सेवा प्रवाह गर्नका लागि पुरैनीया आधारभुत स्वास्थय केन्द्र वडा नं. ६, गम्हरीया स्वास्थय चौकी वडा नं. ७ र जोतपुर आधारभुत स्वास्थय सेवा केन्द्रमाहरुमा अधुरा काम पूरा गर्नका लागि आवश्यक बजेट बिनियोजन गरी स्वास्थय संस्थाको भवन निर्माण गरी पुर्णरुपमा संचालनमा ल्याईनेछ।
- गाउँपालिका भित्र रहेको दिर्घ रोगीहरु, विभिन्न समय हुने प्राकृतिक विपतमा परि समस्यमा परेका व्यक्तिहरु तथा अति विपन्न व्यक्तिहरुलाई आर्थिक सहयोग गर्नका लागि निजहरुको निवेदन तथा आवश्यक अस्पतालका विल तथा कागजातको अधारमा एक व्यक्तिलाई दोहोरो नपर्ने गरी आवश्यक आर्थिक सहयोग उपलब्ध गराइने छ।
- गाउँपालिका भित्र रहेको अशक्त, असाहाय तथा समस्यामा परेका व्यक्तिहरुलाई प्राकृतिक विपति/दुर्घटनामा परि मृत्यू भएमा आफनो धर्म संस्कृति अनुसार काज क्रिया गर्न गाउँपालिकाका तर्फबाट आवश्यक आर्थिक सहयोग उपलब्ध गराइने छ।
- गाउँपालिका क्षेत्रभित्र बसोबास गर्दै आएका आपाङ्गता भएको व्यक्तिहरुको पहिचान गरी उनीहरुको जिवन निर्वाहलाई सरल र सहज बनाउनका लागि अशक्तताको आधारमा wheel chair वितरण गरिनेछ। यसको लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।
- यस गाउँपालिकामा १८ बर्ष भन्दा मुनिका बालबालिकाहरुलाई लागू औषध, जाँड रक्सी, मदिरा, धुम्रपान आदि सेवन तथा यिनिहरुलाई बिक्रि वितरण गर्नमा रोक लगाउनुको साथ साथै यसको चपेटामा परेका बालबालिकाहरुलाई सुधारका आवश्यक कार्यक्रमहरु बाल हेल्पलाईनसंग समन्वय र सहकार्यमा संचालन गरिनेछ। यसका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालयहरु, स्वास्थय संस्थाहरु, माध्यमिक विद्यालयहरुमा ई-हाजिरी जडा गरी हाजिरी गर्ने प्रणालीलाई पेपेरलेस प्रणालीमा ल्याउने छ। यसको लागि रु.५ लाख बजेट

विनियोजन गरेको छु। यसबाट कर्मचारी तथा शिक्षकहरुलाई सयम पालना गर्नमा आवश्यक सहयोग हुनुको साथै सेवा प्रवाहमा चुस्त, दुरुस्त र शिघ्रता कायम हुनेछ।

- यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई आफनो पदीय जिम्मेवारी सफलतापूर्वक पूरा गर्न तथा सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं प्रभावकारी तरिकाले प्रवाह गर्नका लागि कर्मचारीहरुलाई अतिरिक्त भत्ताको व्यवस्था समेत गरेको छु। यस गाउँपालिकाबाट सम्पादन हुने कार्यहरु तथा सेवा प्रवाहमा थप उर्जा प्रदान हुने छ भनि आशा समेत राखेको छु।
- यस गाउँपालिका वा अन्तर्गत कार्यरत विद्यालय शिक्षकहरु, स्वास्थयकर्मीहरु, स्थायी कर्मचारीहरु र करार कर्मचारीहरु मध्येबाट तीन तीन जना गरी १२ जनालाई उत्कृष्ट, अति उतम र उतम गरी तीन प्रकारको पुरस्कारको व्यवस्था मसेत गरेको छु। उत्कृष्ट हुनेलाई रु. २५०००/-, अति उतम हुनेलाई रु.१५०००/- र उतम हुनेलाई रु.१०,०००/- पुरस्कार दिईनेछ।
- यस गाउँपालिकामा संचालनमा रहेको दुई वटा ऐम्बुलेन्सलाई व्यवस्थापन तथा संचालन गर्न कार्यविधि बनाई संचालनमा ल्याईनेछ।
- यस गाउँपालिका वा अन्तर्गत कार्यरत सबै करारका शिक्षक, स्वास्थयकर्मी, कार्यलय सहयोगी लगाएत अन्य सबै कर्मचारीहरुको दरबन्दी पुनरावलोकन गरिनेछ र दरबन्दी पुनरावलोक प्रतिबेदनको आधारमा दरबन्दी थप वा घट गर्नुपर्ने भए सोही अनुसार गरिनेछ। साथै यी सबै कर्मचारीहरुको कार्य सम्पादनलाई मापन गर्नका लागि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले पठाएको नमुना कार्यविधि अनुसार कार्यविधि बनाई कार्य सम्पादन मुल्याङ्कनमा प्राप्त गरेको अंकको आधार म्याद थप गर्ने/नगर्ने कार्य गरिनेछ।
- गाउँपालिका प्रशासनीक कार्यलाई प्रभावकारी बनाउनका, सुशासनको प्रत्याभुति दिलाउन तथा सरकारी तथा सार्वजनिक सम्पतिहरुको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक नगर प्रहरीको व्यवस्या गरिनेछ।
- यूवा तथा बालबालिकाहरुको खेलकुदप्रतिको रुचि अभिवृद्धि गर्दै गाउँपालिकालाई खेलकुदको माध्यमबाट परिचित गराउन तथा खेलकुद जगतमा गाउँपालिकाको पहिचान स्थापित गर्न अध्यक्षस्तरीय खेलकुद प्रतियोगता संचालन गरी खेलकुद खेलकुद कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। यसका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।
- श्री ने.रा.मा.वि.गम्हीयामालाई स्तरउनन्ती गरी उच्च मा.वि.तह संचालनमा ल्याइनेछ। यसका लागि आवश्यक पर्ने जनशक्ति तथा भौतिक पूर्वाधारको व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।
- यस गाउँपालिका वडा नं. ७ मा दुई वटा टोलहरु गम्हरीया र कुकुरभुक्का रहेका छन्। कुकुरभुक्का टोल यस फेटा गाउँपालिकाको केन्द्रबाट अपायक तथा सेवा सुविधाको दृष्टिकोणले समेत टाढा रहेको छ भने कलैया उपमहानगरपालिकाबाट सेवा सुविधाको दृष्टिकोणले सजिलो तथा पायक पर्ने भएकोले उक्त कुकुरभुक्का टोललाई यस गाउँपालिकाबाट अलग तथा कलैया उपमहानगरपालिकामा गाभनका लागि आवश्यक व्यवस्था मिलाउने छु।
- फेटा गाउँपालिका वड नं. १ जनसङ्ख्या र क्षेत्रफलको हिसाबले सबै भन्दा ठूलो वडा रहेकोले सेवा प्रवाहमा कठिनाई उत्पन्न सेवा प्रवाह छिटो छरितो हुन सकेको छैन। यसलाई मध्य नजर गर्दै उक्त

वडालाई  दुई वटा वडामा टुक्रा गरी कार्य गर्नका लागि प्रदेश सभा मार्फत संघीय संसदमा पारित गराउनका लागि व्यवस्था मिलाउने छु।

- यस गाउँपालिका भरीको फोहरमैला व्यवस्थापनको लागि आवश्यक अध्ययन, अनुसन्धान गरी स्रोत साधन तथा पुर्वाधारको व्यवस्थापनको सम्बन्धमा फोहरमैला व्यवस्थापन कार्यविधि, २०७९ को निर्माण गर्ने छु।
- बाढी, हावाहुरी, आगलगी, हुसो आदी विपद्जन्य घटनाहरुबाट धनजनको क्षति हुनबाट बचन र बचाउन र विपद् व्यवस्थापन प्रणालीमाई मजबुत बनाउन आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ।

१४.आ.व. २०७८।२०७९ को नीति, कार्यक्रम तथा बजेटको अनुमानित आय तथा स्रोत व्यवस्थापन।

हाम्रो गाउँपालिकाको जम्मा अनुमानित बजेट रु. ३५ करोडको ९२ लाख ५८ हजार रहने छ। जसमा नेपाल सरकार समानिकरण अनुदान, ११ करोड ४७ लाख, नेपाल सरकार समपुरक अनुदान, १ करोड, नेपाल सरकार सशर्त अनुदान, १४ करोड ५९ लाख, नेपाल सरकार राजश्व बाँडफाँड, ७ करोड ४३ लाख २९ हजार, प्रदेश सरकार समानिकरण अनुदान, ७३ लाख २९ हजार, प्रदेश सरकार विशेष अनुदान, ३० लाख, प्रदेश सरकार समपूरक अनुदान, २० लाख, आन्तरिक श्रोत २० लाख रहेको छ।

१५.विविधः

- फेटा गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको प्रतिवेदन, बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन र स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदनलाई समेत मार्गदर्शनका रुपमा लिइएको छु।
- यस फेटा गाउँपालिकाको नीति तथा कार्यक्रममा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आउनु भएका बसै नव निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, गाउँवासीहरु, संचारकर्मीहरु लगाएत उपस्थित सबैजनाहरु प्रति म आफनो र फेटा गाउँपालिका परिवारको तर्फबाट धन्यबाद ज्ञापन गर्न चाहान्छु।
- यस गाउँपालिकाको १० औ गाउँसभाको नीति तथा कार्यक्रम उपाध्यक्षज्यूले मलाई जिम्मा दिनुभएकोमा धन्यबाद ज्ञापन गर्न चाहान्छु।

अन्तयमा, उपस्थित महानुभावहरु आ.व. २०७९।२०८० का नीति तथा कार्यक्रमहरु यस गाउँपलिकाको विकास तथा समृद्धिमा उल्लेखनीय भुमिका निर्वाह गर्नेछ भनि आशा र भरोसा गर्दै म विदा चाहान्छु। धन्यबाद। नमस्कार।